# भारत-चीन भूराजनीतिको चेपुवामा दार्चुलाबासी



## सेसिफ बोर्डर श्रृंखला ५

मनोज बडू

CESIF
Centre for Social Innovation and Foreign Policy

सेन्टर फर सोसल इनोभेसन एण्ड फोरेन पोलिसी (सेसिफ)

# भारत-चीन भूराजनीतिको चेपुवामा दार्चुलाबासी

प्रकाशन वर्ष २०८१ (सन् २०२४)

प्रकाशक-
**सेन्टर फर सोसल इनोभेसन एण्ड फोरेन पोलिसी (सेसिफ)**
कुमारीपाटी, ललितपुर
फोनः ०१ - ५४०८८०५ / ५४०८८१४
इमेल : info@cesifnepal.org
www.cesifnepal.org

सेसिफ बोर्डर श्रृंखला - ५
सार्वाधिकार © सेन्टर फर सोसल इनोभेसन एण्ड फोरेन पोलिसी (सेसिफ)

*यो रिपोर्ट सेन्टर फर सोसल इनोभेसन एण्ड फोरेन पोलिसी (सेसिफ) द्वारा संचालित सीमावर्ती जिल्लाका पत्रकार लक्षित फेलोशिप कार्यक्रम अन्तर्गत तयार पारिएको हो ।*

# भारत-चीन भूराजनीतिको चेपुवामा दार्चुलाबासी

> *दार्चुला जिल्ला प्रशासन कार्यालयका अनुसार भारतीय सीमामा नजिकै बस्ती रहेको हुनाले आवतजावत बाक्लो छ । चीन सीमामा भने सीमा क्षेत्रबाट धेरै टाढा बस्ती बसेको र भौगोलिक रूपमा विकट रहेको कारण खासै घनिष्ट सम्बन्ध छैन ।*

पश्चिम नेपालको सामरिक महत्व बोकेको दार्चुला जिल्ला दुई विशाल छिमेकी भारत र चीनसँग जोडिएको छ । उत्तरको चीनसित जिल्लाको तिंकर भञ्जाङ् नाकामात्र जोडिएको छ भने भारतसित लेकम गाउँपालिका-३ लाली रतैडादेखि ब्यास गाउँपालिका-१ सितापुलसम्म सीमा वारीपारी आवतजावत गर्न सकिन्छ । चीनसितको सीमामा हिमालय क्षेत्र र एक मात्र तिंकर भञ्जाङ् नाकाबाट प्रवेश गर्न सकिन्छ । भारतसित भने करिब एक दर्जनभन्दा बढी वैधानिक र त्यसभन्दा पनि बढी अवैध नाकाबाट आवतजावत गर्न सकिन्छ ।

भारतसित सीमावर्ती क्षेत्रमा समान संस्कृती र चालचलन रहेको हुनाले नेपालीले भारतीय सीमा क्षेत्रमा धेरैजसो आवतजावत गर्ने गर्छन् । चीनसित एक मात्र नाका र उताका नागरिकसँग केही सीमा क्षेत्रका बासिन्दाको मात्र नातागोता पर्ने हुँदा भारतको तुलनामा चीनसँग सीमापार सम्बन्ध कम छ ।

दार्चुला जिल्ला प्रशासन कार्यालयका अनुसार भारतीय सीमामा नजिकै बस्ती रहेको हुनाले आवतजावत बाक्लो छ । चीन सीमामा भने सीमा क्षेत्रबाट धेरै टाढा बस्ती बसेको र भौगोलिक रूपमा विकट रहेको कारण खासै घनिष्ट सम्बन्ध छैन । चीनको तांलाकोट बजारमा परम्परागत रूपमा व्यापार गर्दै आएको नेपाली नागरिक ६ महिना व्यापार गर्न चीन जाने र पास लिएर मात्र जाने गर्थे । अहिले चार बर्षदेखि उक्त नाका बन्द रहेको हुनाले पहुँच बाहिर रहेको प्रशासनले जनाएको छ । प्रशासनिक र सुरक्षा अधिकारीको चिनियाँ समकक्षीसित सम्पर्क र समन्वय नहुँदा उताको जानकारी लिन साह्रै अप्ठ्यारो अवस्था रहेको प्रमुख जिल्ला अधिकारी यज्ञराज जोशी बताउँछन् ।

त्रिदेशीय सीमा क्षेत्र ब्यासमा भारतले सैनिक इलाका बनाईसकेको छ । र, पछिल्लो समय भारतले विवादित क्षेत्र गुञ्जी, कालापानी हुँदै लिपुलेकबाट तांलाकोट जोड्ने मानसरोसर धार्मिक सडक बनाएर उद्घाटन गरेको छ । सामरिक महत्वको यो ठाउँ नेपाल सरकारको उपेक्षा र भारतको रणनीतिक हिसाबले कब्जा हुँदै आएको दार्चुला बहुमुखी क्याम्पसका प्राध्यापक विष्णुदत्त जोशीले बताए । उनले भने, 'भारतले ब्यास क्षेत्रलाई तीन कुराले रणनीतिक हिसाबले हेरेको छ । पहिलो चीनसितको सैन्य रणनीति, दोस्रो व्यापार र तेस्रो धार्मिक महत्व ।' विवादित क्षेत्र लिपुलेकबाट नाका संचालन भएमा चीनलाई व्यापार विस्तार गर्न र धार्मिक पर्यटनबाट राम्रो आम्दानी हुने हुँदा चीन सहमत भएको उनको बुझाई छ ।

यस विवादित क्षेत्रमा नेपाल सरकारको पञ्चायतकालदेखि नै ध्यान पुग्न नसक्दा यो क्षेत्रका स्थानीय बासिदा भारतको चेपुवामा बस्न बाध्य छन् । स्थानीयलाई ब्यास जान र आउन भारतीय बाटो प्रयोग गर्नुपर्छ । स्थानीयस्तरमा उत्पादन नहुने हुँदा खाना तथा स्वास्थ्य उपचारका लागि भारतकै भर पर्नु पर्ने अवस्था छ ।

## भूगोलको चेपुवामा दार्चुलावासी

जिल्लाका ९ वटै स्थानीय तहमध्ये ब्यास गाउँपालिकाको सीमाना भारत र चीन दुवैसित जोडिएको छ । अपीहिमाल गाउँपालिकाको सीमा चीनसित जोडिएको छ । तर, हिमालय क्षेत्र भएकाले उक्त सिमाबाट

चिनियाँ क्षेत्रमा प्रवेश गर्ने ठाउँ छैन । भारतसित भने महाकाली नदीले सीमा छुट्याएको हुनाले धेरै ठाउँबाट आवतजावत गर्न सकिन्छ ।

भारतले ब्यास गाउँपालिका वडा नम्बर १ को नेपालसित सिमा जोडिएको भारतीय क्षेत्र र भारतद्वारा अतिक्रमित भनिएको नेपाली भूमिलाई नोटिफाईट एरिया तोकेको छ । उक्त क्षेत्रमा भारतीय केही बस्ती र नेपालको अतिक्रमित भनिएको गुञ्जी, नावी र कुटी गाउँलाई राखेको छ । उक्त क्षेत्रमा सुरक्षा उपस्थिति ठूलो संख्यामा छ ।

चीनसित भने नेपालीको सिधै सम्पर्क हुँदैन । कोभिडकालदेखि चीनले तिंकर भञ्जाङ् नाकाबाट कसैलाई प्रवेश दिएको छैन । चिनियाँ पक्षका तिविधिबारे पनि नेपाली प्रशासन र नागरिकलाई कुनै प्रकारको जानकारी हुँदैन । मानव बस्तीबाट धेरै टाढा रहेको हुनाले जनस्तरमा पहुँच छैन ।

सीमा क्षेत्रमा भारत र चीनको जस्तो सुरक्षा उपस्थिति नभएको हुनाले नेपाल सीमाक्षेत्रमा ति देशका सुरक्षाकर्मी र अन्य निकायले के कस्ता गतिविधि गरिरहेका छन् भन्ने बारे बेखबर हुने गरेको छ । भारत र चीन भने सुरक्षा दस्ताको मद्दतले सीमा क्षेत्रमा चौबिस घण्टा निगरानी गरिरहेका हुन्छन् । त्यसको मारमा भने यहाँका स्थानीय नेपाली नागरिक सधैजसो परिरहेका हुन्छन् ।

सामरिक महत्व भएको यो जिल्लाका नागरिक भारत र चीनको सुरक्षा रणनीति अनुसार सधै चेपुवामा पर्दै आएका छन् । सीमा क्षेत्रमा दुईटै देशले ठूलो सुरक्षा दस्ता राखेको छ । जिल्लाको ब्यास गाउँपालिकाका अधिकांश नागरिकहरू भारतीय बाटो प्रयोग गरेर सदरमुकाम आवतजावत गर्नुपर्ने बाध्यतामा छन् । नेपाली नागरिकको बाध्यताको फाइदा उठाउदै बेला बखतमा चेकजाचको निहुमा भारतीय सुरक्षाकर्मीले दुःख दिने गरेका छन् ।

चीन-भारतबीचको सन् १९६२ को युद्धदेखि भारतले कालापानीमा सैन्य शिविर स्थापना गरेको छ । नेपाल-इस्ट इन्डिया कम्पनीबीच भएको सन् १८१६ को सुगौली सन्धिले लिम्पियाधुरा मुहान भएको काली नदीलाई भारत-नेपालको (तत्कालीन र वर्तमान) सिमाना निर्धारण गरेको नेपाल पक्षको दावी छ । भूगोलका आधारमा काली नदीको स्रोत निर्धारण गर्न गाह्रो छैन तर भारतले निहित स्वार्थका कारण काली नदीको मुहानलाई अप्ठ्यारो विषय बनाएको बुझाई विभिन्न दस्तावेज र अध्ययनकर्ताहरूको रहेको ब्यास गाउँपालिकाका स्थानीय हरकसिंह बिष्टको भनाई छ ।

पञ्चायतकालसम्म नेपालीहरू चीनको तांलाकोट र भारतद्वारा अतिक्रमित भनिएको क्षेत्रमा सहज रूपमा आवतजावत गरिरहन्थे । तर केहि दशकदेखि बिस्तारै आवतजावतमा रोक लगाउन थालियो । 'नोटिफाइड एरिया बनाएपनि हामी ब्यासबासीलाई केहि वर्ष अघिसम्म भारत र चीन सीमामा सहज आवतजावत हुन्थ्यो', ब्यास गाउपालिका-१ तिंकरका स्थानीय दानसिंह तिंकरीले भने, माओवादी' द्वन्द्वकालदेखि कडाई हुँदै आएको र त्यसयता सीमामा दुवै देशले कडाईलाई बढाउदै लगेका छन् ।' उनले बताए अनुसार पहिले ब्यास गाउँपालिका-१ को स्थानीय ठेगाना भएको परिचय पत्र देखाएर विवादित क्षेत्रमा सहजै जान मिल्थ्यो । तर जिल्लाकै त्यस बाहेक ठेगाना भएका नागरिकलाई भने शुरूदेखि नै बढी केरकार गर्दै आइएको थियो ।

अहिले चीन सीमामा नेपालीलाई प्रवेश रोक छ । भारतले भने केरकार गरेर नेपाली नागरिकलाई सितापुल पारिसम्मको भूगोलमा जान दिन्छ । त्यहाँसम्म पनि दार्चुला सदरमुकाम पारि धारचुलाबाट अन्दाजी ४० किलोमिटर दुरीमा रहेको छियालेकदेखि भारतीय प्रशासनको बहुयात्रा अनुमति पत्र लिएर मात्र जान पाईन्छ । ब्यास गाउँपालिका-१ छाङ्रू र तिंकरसम्म जान नेपालबाट पैदल मार्गसम्म नहुँदा भारतीय मार्ग प्रयोग गर्नुपर्ने दार्चुलावासीको बाध्यता छ ।

### छाङ्रू तिंकरका स्थानीयको परिवर्तित जीवनशैली

दार्चुला जिल्लामा मात्र बसोबास रहेको ब्यासी शौका समुदाय ब्यास गाउँपालिका-१ र २ वडामा बस्छन् । नेपाल र भारतको यो क्षेत्रमामात्र बसोबास रहेको शौका समुदायको छुट्टै मौलिक परम्परा, पहिचान एवं रहनसहन छ । यो समुदायको प्राचिनकालदेखि दुवै

*सीमा क्षेत्रमा भारत र चीनको जस्तो सुरक्षा उपस्थिति नभएको हुनाले नेपाल सीमाक्षेत्रमा ति देशका सुरक्षाकर्मी र अन्य निकायले के कस्ता गतिविधि गरिरहेका छन् भन्ने बारे बेखबर हुने गरेको छ ।*

देशमा गरी बाह्र ब्यास र चौध चौदासमा बसोबास रहेको छ। बाह्र ब्यास चौध चौदास (ब्यास घाटीमा १२ गाउँ र चौदास घाटीमा १४ गाउँ) मा यो समुदायको प्राचिनकालदेखि नै बसोबास रहेको स्थानीय बताउँछन्। नेपालमा १२ गाउँमध्ये ५ गाउँ पर्छन् । अहिले तीमध्ये तीन वटा गाउँ भारतद्वारा अतिक्रमित भनिएको नेपाली भूमि कुटी, नावी र गुजीमा रहेको छ । नेपालतर्फ छाङ्रू र तिंकर गाउँमा यो समुदायको बसोबास रहेको छ ।

ब्यासी मेहनती, शिष्ट, मिलनसार, उदार तथा समाजसेवी भावनाले ओतप्रोत भएका 'ट्रान्स हिमालय'मा बसोबास गर्ने व्यापारीक जाती हो । जुन कुरा शौका जातीको इतिहास र विभिन्न समयमा गरिएका शोध पुस्तकहरूले पुष्टि गरेको दार्चुलाका स्थानीय अध्येता प्रकाशचन्द मिश्रले बताए । आफ्नो मौलिकता, ऐतिहासिक पृष्ठभूमि र सांस्कृतिक पहिचान एवं विरासत भएका आदिवासी जनजाती ब्यासी शौका दार्चुला जिल्लाको ब्यास गाउँपालिका र उत्तराखण्डको दारमा आदिमकालदेखि बसोबास गर्दै आएका छन् । यो समुदाय मूलतः व्यापारिक समुदाय भएका कारण भोट र नेपालबीचको व्यापार हुँदै पछिल्लो समयमा बहूमुल्य जडिबुटी यार्चागुम्बाको संकलन र बिक्री नै यिनको मुख्य आयआर्जनको हिस्सा बनेको छ ।

यिनिहरूको अन्तर्राष्ट्रीय व्यापारको अवधारणा विशिष्ट किसिमको छ । यो व्यापार हिमालयदेखि हिमालयसम्म (माउन्टेन टु माउन्टेन) चल्दै आईरहेको छ। शौकाहरू केहि महिनासम्म दुर्गम पहाडीपथ र हिमालीपथमा यात्रा गर्दै नेपाल-भारत-तिब्वत र फेरी तिब्वत-नेपाल-भारत हुँदै विभिन्न गाउँवस्ती र व्यापारिक ठेगानाहरूमा पुग्ने गर्छन् ।



*त्रिदेशीय क्षेत्रमा पर्ने भारतीय सीमा नजिकको ब्यास गाउपालिका-१ स्थित छाङ्रू गाउँ । ब्यास गाउपालिका-१ को छाङ्रूमा नेपाल सरकारका निकायहरू रहेका छन् ।* तस्विर : मनोज बडू

बर्षको एक सिजन उक्त ठाउँमा अन्न फलाउने र यही सिजनमा चीनको तांलाकोट बजारमा ब्यापार गरेर जीवनयापन चलाउँदै आएका छन् । अहिले यो समुदायका मानिसहरू नोकरी लगायतका रोजगारी गर्दै आएपनि यिनीहरूको पुर्ख्यौली पेशा भनेको अन्तरदेशीय ब्यापार नै रहेको मालिकार्जुन नमुना माध्यमिक विद्यालय धापका प्रधानाध्यापक सुन्दरसिंह बुढाथोकीले बताए ।

'हाम्रो समुदायले नेपाल, भारत र चीनमा परम्परादेखि व्यापार गर्दै आएका हुन् । यो समुदायले वेशीबाट हिमाल उक्लदा भारतबाट गुड र मिस्री खरिद गरी तांलाकोट बजारमा बिक्री गर्ने र उताबाट बेशी झर्दा ऊन र नुन लिएर नेपाल र भारतका विभिन्न ठाउँहरूमा हिउँदमा व्यापार गर्दै आएका हुन् । पहिला व्यापार बस्तु विनिमयमा हुन्थ्यो भने केही दशकयता मुद्रामा हुँदै आएको छ', व्यापारी ओमप्रकाश तिंकरीले बताए ।

केहि वर्षदेखि भने चीनसितको नाका बन्द हुँदा व्यापार ठप्प भएको छ । विगत २५ वर्षदेखि ताक्लोकाटको गुत्गाउमा व्यापार गर्दै आएका दार्चुलाका स्थानीय ठिम्पु महर चार बर्षदेखि नाका बन्द हुँदा ताक्लाकोट जान नपाएको बताउँछन् । उनका अनुसार नेपाली व्यावसायीहरूले ताक्लाकोटमा होटल, नेपाली उत्पादनका पसल, काठका भाडाकुँडा, नेपाली गलैंचा, निगालो, छाला र अन्य हस्तकलाका सामानको बर्षौदेखि व्यापार गर्दै आएका थिए । मह, घिउ, छुर्पी, खुर्सानी, टिमुर र अन्य जडीबुटीलगायत नेपालमा उत्पादित कृषिजन्य दैनिक उपभोग्य सामानको व्यापार पनि हुँदै थियो ।

सन् २०१४ अगाडीसम्म भारत-चीन नाकामा भन्सारको व्यवस्था थिएन । चीनको त्रिदेशीय नाका क्षेत्रमा हुने व्यापार भारत-चीन सरकारले गरेको व्यापार सम्झौतापछि भारतसँग बढेको छ । चीनको नेपालसँग बिगतमा हुने गरेको व्यापार पछिल्लो समय बन्द हुन पुगेको हो । '२०७० सालसम्म यहाँका भारतीय बजारमा चाईनिज (माल) सामान शुन्य हुन्थ्यो' खलंगाका स्थानीय व्यापारी मोहन दत्त बडूले भने, 'अहिले हाम्रो बजारभन्दा भारतमा चाडो र सस्तो मुल्यमा पाईन्छ ।'

## कालापानीको परिवर्तित स्वरूप

ब्यासका बुढापाकाहरू अहिलेको कालापानीलाई तिल्सी भन्छन् । उक्त ठाउँको नाम भारतीय सैनिक बसेपछि कालापानी रहन गयो । छाङरूका स्थानीय भजनसिंह ऐतवालले भने, 'तिल्सी पडाव क्षेत्रलाई २०१८ सालपछि कालापानी भनिदै आयो ।' उनले कालापानीको तल्लो भागलाई पात्त, तिल्सी पडाव (कालापानी) क्षेत्र, यार्का, किर्मङकाङ् डोङ्वाङ्, स्याङच्याम हुँदै लिपु भन्ने गर्थे । अहिले कालापानीदेखि लिपुलेक भनिन्छ । उनले थपे,' किर्मङकाङ् र स्याङ्च्याममा पथ्थरले छोएका धर्मशाला छन् । उक्त धर्मशालाहरूमा हुम्लाबाट लामा आएर बस्थे, अहिले पनि भग्नावेश छन् ।'

तांलाकोट बजार जादा जहिल्यै पात्तदेखि किर्मङकाङ्सम्म एक बास बस्ने गरेको र सो क्षेत्रलाई तिल्सी पडाव भन्ने गरेको उनी बताउँछन् । उनी भन्छन्, 'तांलाकोट जाने बाहेकको समयमा समेत मानिसहरू भेडाबाख्रा र गाईबस्तु लगेर केही दिन कालापानी क्षेत्रमा बस्थे । वैशाखमा बेसीबाट कुञ्चा सरेपछि तलबाट लगेको सामान तांलाकोट बजार पुऱ्याएर भेडाबाख्रा कोहीले कालापानी क्षेत्रमै छोडिदिन्थे । सात दिनको अन्तरमा गाईबस्तु हेरेर आउने र कोही तिल्सी पडावमै केही महिना बस्ने गरेका थिए । यहाँका ब्यासी शौका समुदायका स्थानीयको मुख्य चरन क्षेत्र कौवा, तिल्सी लगायत हो ।'

२०१८ सालमा तांलाकोट बजारबाट गाउँ फर्किदा कालापानीमा रहेका पिएससी (अर्ध सैनिक बल)का जवानहरूले तांलाकोट फिर्ता पठाएको स्मरण गर्छन् ऐतवाल । उनले भने, 'अघिल्ला बर्षभैं तांलाकोटबाट गाउँ फर्कदै थियौ, तिल्सीमा हातमा डण्डा र टाउकोमा रातो टोली लगाएका मानिसहरूले फिर्ता पठाए । तिंकर भञ्जाङ्बाट घर फर्केपछि बुझ्दा कालापानीमा भारतीय सैनिक बसेको थाहा पाएँ ।' तिल्सी क्षेत्रमा भारतीय सैनिकले क्याम्प राखेपछि आफुहरूले गाईवस्तु तथा भेडाबाख्रा चराउन छोडेको र त्यसयतादेखि कालापानी लिपुलेक नाकाबाट तांलाकोट बजार जान नपाएको ऐतवाल बताउँछन् ।

तिल्सी क्षेत्रमा भारतीय सैनिक बसेपछि त्यसपछिका वर्षबाट ब्यासीहरूले कौवा क्षेत्रमा भेडाबाख्रा, घोडाखच्चर, चौरी लगायतका गाईबस्तु चराउने गरेको भजनसिंहले बताए । उनले भने, 'पञ्चायतकालसम्म हाम्रोतर्फ कौवा क्षेत्रसम्म प्रहरीको उपस्थिति थियो । बहुदल आएपछि कौवामा प्रहरी बस्न छाडेपछि चरन क्षेत्र खुम्चिदै आएको छ । त्यसपछि देशमा द्वन्द्वकाल शुरू भयो । ब्यासमा सुरक्षाकर्मीहरू जान छोडेपछि भारतीय सैनिकहरूले कौवाभन्दा माथिको नेपाली भूभाग आफ्नो नियन्त्रणमा लिएपछि उक्त क्षेत्रमा अहिले गाईबस्तुहरू चराउन छाडिएको छ ।' अहिले त सितापुलभन्दा माथिल्लो कौवातिर नेपाली जादा भारतीय सुरक्षाकर्मीले सुरक्षा निगरानी बढाउने हुँदा डरले कोही नजाने गरेको उनको भनाई छ ।

## भारतको सुरक्षा रणनीति

चीनसित सीमा जोडिएको जिल्लाको सीमावर्ती क्षेत्रमा भारतले रणनीतिक रूपमा सुरक्षा निगरानी गरिरहेको छ। भारतले दार्चुलाको सीमा क्षेत्रमा लालीको रतौडादेखि नेपालीहरूको पहुँच भूमि सितापुलसम्म सीमा क्षेत्रमा ३-३ किलोमिटरको दुरीमा सीमा सुरक्षा बल (एसएसबी) राखेको छ । त्यससँगै यो बीचमा धेरै ठाउँमा भारतीय सेना, भारत तिब्बत बोर्डर पुलिस (आईटीबिपी) लगायतका सुरक्षा पोष्ट र ब्यारेक राखिएका छन् । सिमापुलभन्दा माथि नेपालीलाई प्रवेश रोक क्षेत्रमा आधा दर्जनजति सुरक्षाका विभिन्न अंगहरू छन् ।

चीन सीमालाई मध्यनजर गरी भारतले अतिक्रमित भनिएको नेपाली भूमि सितापुलदेखि ७ किलोमिटरको दुरीमा रहेको गुञ्जी क्षेत्रलाई ब्यास घाटीको सुरक्षा केन्द्रको रूपमा विकास गर्दै आएको छ । हजारौको संख्यामा तैनाथ सुरक्षाकर्मीको फौजहरूले वर्षौदेखि चीनसँगै नेपाली क्षेत्रलाई निगरानी गर्दै आएका छन् । विगतको तुलनामा भारतले सुरक्षालाई मध्येनजर गर्दै रणनीतिक रूपमा अन्य विकासका संरचनाहरू निर्माण गर्दै आएको छ । ब्यासको गुञ्जी, नावी र कुटीमा ठूला हेलिकप्टर ल्याण्ड गर्ने हेलिप्याड निर्माण गरेको छ । भारतको पिथौरागढ र दिल्लीबाट सिधै गुञ्जीमा भारतीय सेनासँगै अन्य सुरक्षा अंगका हेलिकप्टर सातापिच्छे आवतजावत गरिरहन्छन् । चीनलाई मध्यनजर गरी भारतले पिथौरागढ र डिडिहाटमा विभिन्न सुरक्षा निकायका महत्वपूर्ण केन्द्रहरू राखेको छ । त्यहीबाट नेपाल र चीनसितको सिमाना सुरक्षा निगरानी गरिरहन्छ ।

भारतले मे २०२० मा लिपुलेक पास हुँदै सडक लिंक खोल्ने घोषणा गर्‍यो । कालापानी-लिपुलेक मार्ग कैलाश-मानसरोवर तीर्थस्थल जाने परम्परागत व्यापारिक मार्ग पनि हो । नेपालको भूभाग सम्बन्धमा, नेपालको सहमतिबिना नै भारत र चीनले सन् २०१५ को संयुक्त वक्तव्यमार्फत चियाङ्ला-लिपुलेक पास र सिप्किलामा सीमा व्यापार विस्तार गर्न सहमत भए । त्यसयता भारत र चीनले नेपालसितको सीमानामा ठूलो संख्यामा सैनिक खटाउने र भौतिक निर्माणका कार्य गर्दै आएका छन् ।

## चीनको रणनीति

सीमा क्षेत्रमा चीनको रणनीतिबारे नेपाली प्रशासन बेखबर छ । नेपाली प्रशासन र सुरक्षा अधिकारीबीच समन्वय र पहुँच नहुँदा चिनियाँ पक्षको सीमा क्षेत्रको गतिविधिबारे कुनै प्रकारको जानकारी छैन । चीनसित निश्चित एक मात्र प्रवेश बिन्दु विगत केहि बर्षदेखि बन्द हुँदा पनि नेपाली पक्षले वास्ता नगरेको जस्तो देखिएको स्थानीय जयसिंह धामीले बताए । उनी भन्छन्, 'सीमा क्षेत्रमा हाम्रो पक्षको उपस्थिति छैन । स्थानीयस्तरमा जनसम्पर्क पनि नभएको अवस्था छ । हाम्रो सुरक्षाकर्मी सीमा क्षेत्रमा गएपनि १ नम्बर पिल्लरसम्म पुग्ने हुन् । उनी (चिनियाँ) हरूले भने नियमित सीमा सुरक्षा गस्ती, ठाउँ-ठाउँमा गतिविधि निगरानी गर्न सिसिटिभी क्यामेरा जडान गरेको अवस्था छ ।' हाम्रोतिर सुरक्षा गस्ती र निगरानी नभएको हुनाले सीमा क्षेत्रमा भारत र चीनले मनलाग्दी गतिविधि गरिरहेको स्थानीय बताउँछन् ।

स्थानीयका अनुसार १ नम्बर पिल्लरदेखि लिम्पियाधुरासम्म आफ्नो क्षेत्रमा चीनको बाक्लो सुरक्षा उपस्थिति रहेको छ । चीनले सीमा क्षेत्रमा दलाई लामा समर्थकको गतिविधिलाई उच्च सतर्कताका

साथ निगरानी गरेको पाईन्छ । '२०५० सालसम्म तांलाकोटमा व्यापार गर्न सहजै पाईन्थ्यो', तिंकरका स्थानीय समेत रहेका दानसिह तिंकरीले भने, 'नेपालमा बहुदल आएसँगै कडाई सुरू गरेको हो । कैलाश क्षेत्रमा गएर उति बेलादेखि लामाहरूले फ्रि तिब्बतको नारा लगाउन थालेपछि सीमा क्षेत्रमा कडाई बढाउदै गएको देखिन्छ ।'

**भारतद्वारा आदि कैलाश दर्शनलाई प्रवर्धन**

> *मोदीले आदि कैलाशको वेसक्याम्प जोलिङकाङस्थित पार्वती सरोवर र मन्दिरमा पूजापाठ गरेका थिए भने गुञ्जीमा स्थानीय र सुरक्षाकर्मीसँग भेटघाट गरेका थिए ।*

लिम्पियाधुरा-पश्चिममा पर्ने आदि कैलाश पर्वत दर्शनका लागि भारतीय आन्तरिक पर्यटक बढेका छन् । यसक्षेत्रमा २०८० साल असोज महिनामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भ्रमण गरेपछि पर्यटकको संख्या ह्वात्तै बढेको बताईन्छ । मोदीले आदि कैलाशको वेसक्याम्प जोलिङकाङस्थित पार्वती सरोवर र मन्दिरमा पूजापाठ गरेका थिए भने गुञ्जीमा स्थानीय र सुरक्षाकर्मीसँग भेटघाट गरेका थिए ।

गुञ्जी, नाभि र कुटी गाउँ महाकालीको पुर्वतर्फ अवस्थित भए पनि जोलिङकाङ, पार्वती सरोवर र आदि कैलाश क्षेत्र भने भारतीय भूमिमा अवस्थित छन् । महाकाली नदीको पुर्वीक्षेत्रमा भने नेपालले आफ्नो भूमि रहेको दावी गरेको छ । पवित्र कैलाश पर्वतको जस्तै आकृति भएकोले यसलाई आदि कैलाश भनिदै आएको छ । सुरूमा छोटा कैलाश भनिएकोमा पछिल्लो समय आदि कैलाश भन्दै प्रचारप्रसार गरिएको छ । दार्चुला सदरमुकाम पारि धारचुलाबाट ७० किलोमिटरको सडक दूरीमा गुञ्जी गाउँ छ भने गुञ्जीबाट ३० किलोमिटर दूरीमा जोलिङकाङ र २२ किलोमिटर दूरीमा ॐ पर्वत अवस्थित छ ।

**नेपालको नाजुक उपस्थिति**

सामरिक क्षेत्र ब्यासमा माओवादी द्वन्द्वअघिसम्म नेपाल सरकारको केहि उपस्थिति थियो । द्वन्द्वको समयमा सुरक्षा निकायसँगै सरकारी संरचना विस्थापित हुन पुगे । ति संरचना अझै पुर्नस्थापित गर्न नसकेको अवस्था छ । ब्यास गाउँपालिका-१ मै दुईवटा छोटी भन्सार कार्यालय बन्द भएको अवस्था छ । सीमा प्रशासन कार्यालय ५ बर्षपछि सदरमुकाम खलंगाबाट ब्यासको छाङ्रूमा गएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । प्रशासनका अनुसार अहिले ब्यासमा सशस्त्र प्रहरीको गुल्म, छाङ्रूमा नेपाल प्रहरी चौकी र तिंकरमा सीमा प्रहरी चौकीसँगै गत वर्षबाट सशस्त्रको बिओपी स्थापना भएको छ । सामरिक महत्वको यो क्षेत्रमा भारत र चीनको तुलनामा हाम्रो उपस्थिति नगन्य रहेको स्थानीय दानसिंह कार्कीले बताए ।

पञ्चायतकालमा भारतीयले समेत प्रयोग गर्ने ब्यास गोरेटो बाटो अहिले अवरूद्ध छ । यसले नेपाल राज्यको यो क्षेत्रप्रतिको हेराईको प्रवृत्ति दर्शाउँछ । ब्यासका नागरिकले भौतिक पूर्वाधार विकासको लागि, आफ्नो भूमिसम्मको सहज पहुँचकै लागि पनि वर्षौसम्म कुर्नु पर्ने अवस्था छ । ब्यास क्षेत्रलाई राज्यले गरेको उपेक्षाको पराकाष्ठा भन्न मिल्ने स्थानीयको बुझाई छ ।

## About CESIF

CESIF Nepal is a not-for profit, autonomous and independent private research think tank serving in the public interest, with significant independence from any interest groups and autonomy from government. Our mission is to help the government and the society create a democratic, secure and just society by making informed and transparent decisions about policies and practices.


CESIF
Centre for Social Innovation and Foreign Policy

**Centre for Social Innovation and Foreign Policy (CESIF)**

**Kumaripati, Lalitpur, Nepal**

info@cesifnepal.org www.cesifnepal.org @CsifNepal

Centre for Social Innovation and Foreign Policy (CESIF) Centre for Social Innovation and Foreign Policy (CESIF)